कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
## आयोजना कार्यान्वयन एकाइ

विराटनगर, नेपाल

## फलफूल बगैंचा स्थापना कार्यक्रममा आबद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति: २०८३।०५।१७)

यस आयोजनाको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरूमा देहायका बालीहरूको बगैंचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषि उद्यमी, कृषक समूह तथा सहकारीहरूलाई आवश्यक कागजातहरू सहित चालू आ.व. २०८३/०८४ को अवधिभित्र सम्बन्धित स्थानीय तहहरूमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| जिल्ला | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | लक्षित फलफूल बालीहरू |
|---|---|---|
| धनकुटा | धनकुटा न.पा., पाख्रिबास न.पा., महालक्ष्मी न.पा. र छथरजोरपाटी गा.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |
| भोजपुर | अरुण गा.पा., पौवादुङमा गा.पा. र भोजपुर न.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |
| ओखलढुङ्गा | मानेभञ्ज्याङ गा.पा., सुनकोशी गा.पा. र चम्पादेवी गा.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |
| पाँचथर | हिलिहाङ गा.पा. र फिदिम न.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |
| तेह्रथुम | आठराई गा.पा., लालीगुराँस न.पा., म्याङ्गलुङ न.पा. र फेदाप गा.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |
| खोटाङ | हलेसी तुवाचुङ न.पा., रावाबेँसी गा.पा. र दिक्तेल रूपाकोट मझुवागढी न.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |
| सोलुखुम्बु | सोलुदूधकुण्ड न.पा. | सुन्तलाजात, किवी, ओखर र स्याउ |
| | माप्यदूधकोशी गा.पा. | सुन्तलाजात, किवी, एभोकाडो र स्याउ |
| | थुलुङ्गदूधकोशी गा.पा. | सुन्तलाजात, किवी, एभोकाडो र मेकाडेमिया नट |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरूको विवरण:**

(क) अनुसूची ९ बमोजिमको निवेदन र अनुसूची १५ बमोजिमको फाराम,
(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(घ) कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रबन्ध पत्रको प्रतिलिपि,
(ङ) अनुसूची १७ र सो बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,
(च) अनुसूची १८ बमोजिमको सहमति पत्र,
(छ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा जग्गा भाडा वा करार गरेको सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको),
(ज) अनुसूची १९ र सो बमोजिमको निर्णयको प्रतिलिपि,
(झ) अनुसूची २० बमोजिमको स्वघोषणा,
(ञ) अनुसूची २२ बमोजिमको Environmental Screening Checklist तथा अनुसूची २३ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची,
(ट) अन्य (आवश्यकता अनुसार)

**नोट:**

१. आवेदन फाराम र अन्य पेश गर्नुपर्ने कागजातहरू आयोजना कार्यान्वयन एकाइ, सम्बन्धित स्थानीय तहको कृषि शाखामा वा वेबसाइट doad.koshi.gov.np र koshi.nafha.gov.np बाट प्राप्त गर्न सकिनेछ।
२. यस कार्यक्रम अन्तर्गत प्राप्त हुने आवेदनहरूको यस आ.व.मा कार्यक्रम सञ्चालनका लागि प्रारम्भिक छनोट हिउँदे फलफूलहरूको हकमा कार्तिक मसान्तभित्र र वर्षे फलफूलहरूको हकमा चैत्र मसान्तभित्र गर्नुपर्ने भएकाले फलफूलहरूको लगाउने समय अगावै आवेदन पेश गर्नुहुन अनुरोध छ।

थप जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा सम्पर्क नं. ९८५२०४०१३९, ९८५२०४०१६२, ९८५२०४०१६३ मा सम्पर्क गर्न सकिनेछ।

**– प्रादेशिक आयोजना व्यवस्थापक**